# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रूपन्देही

## तिलोत्तमा नगरपालिकाको व्यवस्थापनमा सुलभ फार्मेसी सञ्चालनका लागि संस्था छनौट गर्न प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।९।२

नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको स्वास्थ्य सम्बन्धी हकको प्रवर्धन गर्न र नागरिकलाई सर्वसुलभ रुपमा सुपथ मूल्यमा औषधी तथा औषधीजन्य सामग्री उपलब्ध गराउँदै स्वस्थ नागरिक समृद्ध तिलोत्तमाको नारालाई सार्थकता दिन तिलोत्तमा नगरपालिकाको सुलभ फार्मेसी सञ्चालन सम्बन्धी निर्देशिका, २०८२ को दफा १८ को उपदफा (२) को प्रयोजनका लागि सुलभ फार्मेसी संचालन गर्ने संस्था छनौट गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका फार्मेसी सञ्चालन गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले देहायका सर्तहरूको अधीनमा रही प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. इच्छुक प्रस्तावदाताहरूले तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रूपन्देहीबाट आवश्यक जानकारी हासिल गर्न वा प्रस्ताव सम्बन्धी कागजात खरिद गर्न सक्नेछन्।
२. इच्छुक प्रस्तावदाताले २०८२।९।१६ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू. १०००।- (अक्षेरेपी एक हजार रुपैयाँ मात्र) एनआईसी एसिया बैङ्क, मणिग्रामस्थित यस कार्यालयको कार्यालय कोड ८०५४८४०१३००, राजस्व खाता नं. १०५२०५५४९९५९९०१२ मा जम्मा गरी सक्कल राजस्व दाखिला भौचरसहित प्रस्तावदाताको फर्म दर्ता प्रमाणपत्र, फार्मेसी सञ्चालनको इजाजतपत्र, आर्थिक वर्ष २०८१।८२ को कर चुक्ता प्रमाणपत्र वा आर्थिक वर्ष २०८२।८३ को लागि कर विवरण दाखिला गर्न म्याद थप गरेको पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा प्रचलित कानून बमोजिम फार्मेसी संचालन गर्न अयोग्य नभएको र कालो सूचीमा समेत नपरेको भनी गरेको लिखित स्वःघोषणा पत्र को प्रमाणित प्रतिलिपिहरू संलग्न राखी प्रस्ताव सम्बन्धी कागजात खरिदको लागि निवेदन पेस गर्नुपर्नेछ ।
३. प्रस्तावदाताले प्रस्तावसाथ जमानत बापतको रू. तीन लाख रूपैयाँ मात्र तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको एनआईसी एसिया बैङ्क, मणिग्राममा रहेको धरौटी खाता नं. A५CA५४९९५९९५२४०३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन अर्थात मिति २०८२ चैत्र १८ गतेसम्म म्याद भएको बैंक जमानत (बिड वण्ड) पेस गर्नु पर्नेछ । छनोट भएको संस्था सम्झौता गर्न उपस्थित नभएमा निजले राखेको नगद धरौटी वा बैङ्क जमानत जफत गरी सो पश्चात लगत्तै पछिको सबैभन्दा बढी छुट दिन प्रस्ताव गरेको संस्था छनौट गरी सम्झौताको लागि लेखी पठाइनेछ।
४. निवेदकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८२।९।१७ गते दिनको १२ बजे भित्र यस कार्यालयमा रीतपूर्वकको प्रस्ताव तयार गरी प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा सिलबन्दी गरी उक्त दुवै सिलबन्दी खामलाई एउटै खाममा सिलबन्दी गरी दर्ता गरी सक्नुपर्नेछ।

५. कार्यालयमा दर्ता भएका प्रस्तावहरू मध्ये प्राविधिक प्रस्ताव मात्र १६ औं दिन अर्थात मिति २०८२।९।१७ गते दिनको १ बजे उपस्थित भएका प्रस्तावदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सोही दिन प्रस्तावदाताहरूले पेस गरेका आर्थिक प्रस्तावका सिलबन्दी खाम नखोली उपस्थित प्रतिनिधिहरूको रोहवरमा मुचुल्का गरी सबै आर्थिक प्रस्तावका सिलबन्दी खाम अर्को छुट्टै खाममा रहने गरी सिलबन्दी गरी सुरक्षित तरिकाले राखिनेछ । तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र प्राविधिक प्रस्ताव खोल्न र आर्थिक प्रस्तावका सिलबन्दी खामलाई सिलबन्दी गर्न बाधा पर्ने छैन ।

६. मूल्याङ्कन समितिबाट प्राविधिक प्रस्तावको मूल्याङ्कन भई प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल हुने प्रस्तावदाताहरूले पेस गरेको आर्थिक प्रस्ताव मात्र प्रस्तावदाता वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर, प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

७. प्रस्ताव स्वीकृत गर्दा प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल भई औषधी तथा औषधीजन्य सामग्रीमा सबैभन्दा धेरै छुट प्रतिशत प्रस्ताव गरिएको अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही प्रस्तावलाई स्वीकृत गरिनेछ ।

८. आर्थिक प्रस्तावमा एक भन्दा बढी प्रस्तावदाताले प्रस्ताव गरेको छुट प्रतिशत बराबर हुन आएमा प्रस्तावदाताले प्राविधिक प्रस्तावसाथ पेस गरेको पछिल्लो तीन आर्थिक वर्षको औषत वार्षिक आर्थिक कारोबार (Average Annual Turnover) जसको बढी छ सोही प्रस्तावदाताले पेस गरेको आर्थिक प्रस्ताव स्वीकृत गरिनेछ ।

९. प्रस्तावदाताले कार्यालयबाट खरिद गरेको प्रस्ताव सम्बन्धी कागजातमा दस्तखत गरी फर्म/संस्था वा कम्पनीको छाप समेत लगाई पेस गर्नुपर्नेछ ।

१०. सुलभ फार्मेसी संचालनको लागि कार्यालय तथा प्रस्तावदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ।

११. प्रस्तावदाताले प्रस्ताव सम्बन्धी कागजात पेस गर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँ र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्म/संस्था वा कम्पनीको छाप समेत लगाउनु पर्नेछ ।

१२. सुलभ फार्मेसी संचालनका लागि पेस भएको प्रस्ताव स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१३. पेस भएको प्रस्तावको मान्य अवधि साठी दिनको हुनेछ । पेस हुन आएका प्रस्ताव मूल्याङ्कन उक्त अवधिभित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

१४. प्रस्तावदाताले ससर्त प्रस्ताव पेस गर्न सक्ने छैन।

१५. यो सूचना र प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित विषयहरू सम्झौताको अङ्ग हुनेछन् ।

१६. प्रस्ताव सम्बन्धी कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन प्रस्ताव सम्बन्धी कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**